# सुन्दरहरैंचा नगरपालिका मोरङको आ.व.२०७६।०७७ को पहिलो अर्धवार्षिक सार्वजनिक सुनुवाईको प्रतिवेदन २०७६

सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार स्थानीय निकायमा सेवाग्राहिका रुपमा आएका सर्वसाधारण नागरिकहरुप्रति सेवाप्रदायक निकायबाट भए गरेका क्रियाकलाप, नगर विकास योजना तर्जुमा, संचालन, पारदर्शिता, महिला एवं बालबालिका, आदिबासी, जनजाति, दलित तथा पिछडा वर्गहरुका लागि संचालित कार्यक्रम, सामाजिक सुरक्षा भत्ता वितरण, नागरिकहरुको सुरक्षा, शिक्षा, स्वास्थ्य र सरसफाई सम्बन्धि नागरिकहरुले उठाएका प्रश्न जिज्ञासा र असन्तुष्टिहरुलाई सार्वजनिक थलोमै दोहोरो संवादबाट स्पष्टता गर्ने र सेवा ग्राहिबाट प्राप्त रचनात्मक सुझावहरुलाई ग्रहण गरी जिम्मेवारी संस्कार बसाउने उद्देश्यले मिति २०७६ साल माघ १४ गते मंगलबारका दिन सुन्दरहरैंचा नगरपालिकाका नगरप्रमुख शिव प्रसाद ढकालको अध्यक्षतामा सुन्दरहरैंचा न.पा. ४ स्थित सिग्देल बन्धु प्रतिष्ठानको सभाहलमा  सुन्दरहरैंचा नगरपालिकाको प्रथम अर्धबार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा सुन्दरहरैंचा नगरपालिकाकी उपप्रमुख धनमाया तामाङ, प्रमुख प्रशासकिय अधिकृत गणेशप्रसाद दाहालको आथित्थ्यता रहेको थियो । त्यसैगरी अतिथि आसनग्रहण गर्नेहरुमा वडा नं २ का वडाअध्यक्ष डोरीलाल चौधरी, वडा नं ५ का वडाअध्यक्ष रामप्रसाद रिजाल, वडा नं. ६ का वडाअध्यक्ष जीवन राई, वडा नं. ११ का वडाअध्यक्ष बिशनलाल चौधरी, वडा नं.७ का प्रतिनिधि, कार्यपालिका सदस्यहरुमा वडा नं. ९ की तारा घिमिरे, वडा नं ८ की उर्मिला शर्मा रिजाल तथा निर्वाचित वडा सदस्यहरु समेत रहेका थिए ।

कार्यक्रममा कोशीहरैचा उद्योग वाणिज्य संघका अध्यक्ष नवराज चापागाईं, सुन्दरदुलारी उद्योग वाणिज्य संघका अध्यक्ष किशोर कार्की, सुन्दरहरैंचा नगरपालिकाका विभिन्न शाखाका शाखा प्रमुखहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधि, विद्यालयका शिक्षकहरु, सामुदायिक बनका प्रमुख, प्रहरी प्रशासन, उद्योगी-व्यावसायि, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, नागरिक समाजका अध्यक्ष दधिराम ढुङगाना, उपभोक्ता समिति, मिडियाकर्मी, खानेपानी संस्थानका प्रमुख तथा प्रतिनिधि, विद्यार्थी, महिला तथा बालबालिका, पिछडावर्ग, अपांग, आदिवासी जनजाती तथा स्थानिय नागरिकहरुको ठूलो उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहजकर्ता बाबुराम निरौलाले सार्वजनिक सुनुवाई कार्यविधि २०६७ को अनुसुचि ४ को (बुँदा नं.७.८ संग सम्बन्धित) सार्वजनिक सुनुवाईमा पालना गर्नुपर्ने आचार संहिता बाचन गरेर सुनाउनु भएको थियो । सो आचार संहितालाई उपस्थिति सबैले तालिको गड्गडाहाटबाट अनुमोदन गरेका थिए । त्यसपछि कार्यक्रममा अध्यक्षले कार्यक्रम औपचारिक रुपमा शुरु भएको उद्घोष गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत गणेश प्रसाद दाहालले चालु आ.व. को प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । उहाँले कार्यलाई चुस्त गर्ने, पारदर्शिता गर्ने, जनताका सेवालाई बढी भन्दा बढी प्राथमिकतामा राख्ने कुरामा आम जनप्रतिनिधि, कर्मचारी र समग्र नगर कार्यपलिकाको चासो हुन आवश्यक रहेको प्रष्ट पार्नु भएको थियो । समय सिमामा काम सम्पन्न गर्न, सेवा पारदर्शि वनाउन व्यवस्थापन पक्ष, कर्मचारी, उपभोक्ता समितिका साथै आम नागरिकको पनि उत्तिकै सहभागिता आवश्यक रहेको बताउनु भयो ।

बिकास कार्यमा गरेका १३८ वटा योजना मध्ये पौष मसान्त सम्मको समय सिमा निर्धारण गर्दा १२० वटा योजना सम्झौता भएको र ती मध्ये १३ वटा योजना सम्पन्न भएको साथै १८ वटा योजना सम्झौता हुन बाँकी रहेको, तथा संसदिय निर्वाचन तर्फ भएका ५२ वटा योजना मध्ये १९ वटा योजना सम्झौता भएको र ३३ वटा योजनाहरु सम्झौता हुन बाँकी रहेको र बाँकी कुनै पनि योजना सम्पन्न नभएको, ६९ वटा नगरस्तरिय सामाजिक योजना रहेको मध्ये ३० वटा योजना सम्झौता भएको, ८ वटा सम्पन्न भइसकेका, २० वटा योजना चालु अवस्थामा रहेको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । उहाँले उक्त तथ्याङ्क कार्यान्वयनको अवस्था अत्यन्त फितलो रहेको र समय सिमामा आवद्ध योजना सम्पन्न हुन नसकेकोले अझै पनि नागरिक स्तरको कर्मचारी, संचार साथै आम सेवाग्राहीको सन्तुलन कायम गरेर समय सिमा सम्पन्न गर्नका निम्ती आवश्यक रहेको कुरा औंल्याउनुभयो ।

प्रमुख प्रशासकिय  अधिकृतद्धारा प्राप्त प्रतिवेदन पश्चात कार्यक्रमलाइ अगाडी लैजाने क्रममा सहजकर्ता बाबुराम निरौलाले सेवाग्राहीबाट संकलित प्रश्नावली नागरिक प्रतिवेदन पत्र प्रश्नावली भाग- १ भाग २ र बर्हिगमन अभिमतबाट प्राप्त  जिज्ञासा, असन्तुष्टी, सुझाव तथा आम नागरिकहरुका जनगुनासोलाई Power Point चार्टबाट प्रस्तुत गरिएको साथै प्रश्न उत्तरका लागि फ्लोर ओपन (Flower Open) गरिएको थियो ।

कार्यक्रमको शुरुवातमा सुन्दरहरैचा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत गणेश प्रसाद दाहालले आ.व.२०७६।०७७ को प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । फ्लोर बाट प्राप्त प्रश्न र जिज्ञासा नगरप्रमुखले स्पष्ट पार्नु भएको थियो । नागरिकहरुले सरकारले निर्धारण गरेको करको दर बढी भएकोले निम्न आय श्रोत तथा गरिव जनतामा बढी मर्का परेको गुनासो समेत गरेका थिए ।

अन्त्यमा नगरउपप्रमुख धनमाया तामाङले नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा र उपप्रमुखको जिम्मेवारी पूर्ण रुपमा निर्वाह गरको, सदैव जनताको हितमा काम गरिरहने र खासगरी महिला लक्षित कार्यमा बढी जोड दिइरहेको बताउनु भएको थियो ।

अन्त्यमा अध्यक्षको आसनबाट नगरप्रमुख शिव प्रसाद ढकालले कार्यक्रममा उपस्थित सम्पूर्ण नागरिकहरुलाई धन्यवाद दिदै सार्वजनिक सुनुवाई कार्यक्रमबाट स्पष्ट नभएका कुराहरु स्पष्ट हुने, भूल सुधार गर्ने अवसर प्राप्त हुने, सेवा प्रदायक निकाय र सेवाग्राहि बिच सामिप्यता बढि नगर विकास लगायत देश विकासमा सबैको सहभागितामा सहयोग पुग्ने विश्वास गर्दै सम्पूर्ण उपस्थित नागरिकहरुलाई धन्यवाद दिदै दिउँसो २:३० मा शुरु भएको कार्यक्रम अपरान्ह ४:५० मा अध्यक्षको आदेश अनुसार कार्यक्रम संचालकले सभा विसर्जन भएको घोषण गर्नु भएको थियो ।

# अनुसुची ४

बुदा नं. ७.६ संग सम्बन्धित

## सार्वजनिक सुनुवाई सम्बन्धि प्रतिवेदनको ढाँचा

**सार्वजनिक सुनुवाई संयोजन गर्नेको नाम थर ठेगाना** : बाबुराम निरौला

**सुनुवाई गरिएका विषयहरु :**

१ विकास निर्माण सम्बन्धि

२ महिला बालवालिका तथा आदिवासी जनजाती सम्बन्धि

३ स्वास्थ्य र सरसफाई सम्बन्धि

४ शिक्षा सम्बन्धि

५ खानेपानी सम्बन्धि

**कार्यक्रम आयोजना स्थल** : सुन्दरहरैंचा न.पा. ४ स्थित सिग्देल बन्धु प्रतिष्ठानको सभाहल ।

**कार्यक्रम आयोजना गरिएको मिति र समय** : २०७६/१०/१४ गते मंगलबार

**कार्यक्रम संचालन गरिएको समयावधि (घण्टा र मिनेट)** : २ घण्टा २० मि.

## उठेका प्रश्न/जिज्ञासा/गुनासो/सुझाव र उत्तर ।

| क्र. सं | प्रश्नकर्ता/गुनासो गर्ने सुझाव दिनेको नामथर | सहभागिको प्रश्न/गुनासो सुझाव | जवाफ दिने पदाधिकारीको नामथर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | अर्जुन तिम्सिना सुन्दरहरैंचा न.पा. वडा नं ६ | गछिया खोला करोडौमा ठेक्का लाग्छ । तटबन्ध भत्किएको छ । हरेक साल बजेट विनियोजन हुन्छ तर खोला कटान समस्या कहिल्यै समाधान भएन खोला दायाँ बायाँ बसोबास गर्नेको उठिबास हुन्छ यो समस्या समाधान कहिले हुने कि हुन सक्दैन ? | शिवप्रसाद ढकाल नगरप्रमुख | गछिया खोला गहिरो भएकै हो । प्रकृतिजन्य श्रोतसाधन निकासी भइरहेको छ । यसलाई व्यवस्थित गर्ने हो । तर बालुवा गिटी भित्रिन नदिन भन्न चाँही अलिक गम्भिर नै भयो । तर समस्या निराकरण छिटै नै गरिने छ । |

सुन्दरहरैंचा नगरपालिकाको सार्वजनिक कार्यक्रम २०७६

| | | | | |
|---|---|---|---|---|
| २. | नेत्र प्रसाद घिमिरे सुन्दरहरैंचा न.पा. ४ | बुढी खोलाको झोलुङ्गे पुलको अभावमा त्यस भेगमा बसोबास गर्नेलाई ठुलो समस्या छ । यो पुल बन्छ कि बन्दैन ? बजेट निकासा भएको छ छैन जानकारी पाउँ । | शिवप्रसाद ढकाल नगरप्रमुख | पुल निर्माणका लागि उपभोक्ता गठन भएको तर सिमा विवादले गर्दा सामान पनि खिया लागि सकेको र इटहरी उपमहानगरपालिका र सुन्दरहरैंचा नगरपालिकाले समन्वय गरी छिटै पुल निमार्ण हुने जानकारी गराउँदछु । |
| ३. | उमेश चौलागाई सुन्दरहरैंचा न.पा.४ | दुलारी चोकदेखि ल्याण्डफिल्ड साइड सम्मको बाटो गत वर्ष नै बन्नु पर्ने हो । हालसम्म पनि बनेको छैन अहिले काम गरेर फेरी स्थगित गरियो यस वर्ष यो बाटो बन्छ कि बन्दैन ? | शिवप्रसाद ढकाल नगरप्रमुख | गतवर्ष अन्तिम भएर वर्षाको कारणले काम हुन सकेन । वडा नं ४ को महत्वपूर्ण सडक भएकोले पुन बजेट विनियोजन गरी काम भइरेहकोमा ठेकेदारले बदमासी गरेकोले अहिले निर्माण स्थगित भएको छ तर यो छिटै बन्छ । |
| ४. | नारायण प्रसाद घिमिरे सुन्दरहरैंचा न.पा. ५ | सुन्दरहरैंचा नगरपालिकामा विभिन्न शाखाहरु सानो कोठामा बसेका छन् । सुन्दरहरैंचा वडा नं ४ को भवनका कोठाहरु खाली छन् यसलाइ ब्यवस्थापन गर्न सकिदैन ? | शिवप्रसाद ढकाल नगरप्रमुख | २ वटा नगरपालिका एउटा भएर सुन्दरहरैंचा नगरपालिका बनेको हो हाल ४ वटा विषयगत शाखा वडा नं ४ मा ल्याइएको हुँदा अरु शाखाहरुलाइ पनि व्यवस्थित गर्दै लगिने छ । |

..............................

कार्यक्रम संचालक

सुन्दरहरैंचा नगरपालिकाको सार्वजनिक कार्यक्रम २०७